नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।

फोन नं: ०१-४२००५११

प सं: ०७७/७८
च नं: १६०

मितिः २०७७।०८।१०

श्री कलैया उपमहानगरपालिका,
कलैया, बारा।

विषयः सेवा निवृत्त सुविधा भुक्तानी सम्बन्धमा।

त्यस उपमहानगरपालिकाको च.न. १०७८, प.स. ०७७।०७८ मिति २०७७।०७।२३ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ उपदफा (३) मा ऐन प्रारम्भ हुदाका बखत स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरु सम्बन्धित स्थानीय तहमा स्वतः समायोजन भएको मानिने व्यवस्था रहेको छ। त्यसैगरी दफा ८६ उपदफा (१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुने प्रावधान रहेको छ। साथै कर्मचारी समायोजन ऐन, २०७५ दफा ६ उपदफा (४) मा साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन भई समायोजनको पत्र पाउन बाँकी रहेका कर्मचारीलाई सम्बन्धित स्थानीय तहले ऐन प्रारम्भ भएको मितिले दश दिनभित्र समायोजन भएको पत्र दिई सोको जानकारी मन्त्रालयलाई दिनुपर्ने र दफा १५ उपदफा (२) मा सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी कानून नबनेसम्मको लागि ऐन बमोजिम समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाहरू समायोजन हुनु पूर्वको सेवाका शर्त र सुविधा बमोजिम नै हुने व्यवस्था रहेको छ। त्यसैगरी सम्मानीत सर्वोच्च अदालतबाट विभिन्न समयमा अर्को नियमावली नबन्दासम्मको लागि साविकको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ का प्रावधान कार्यान्वयन गर्न सकिने भनी आदेश हुने गरेको छ।

प्रस्तुत कानूनी सन्दर्भमा, अर्को कानूनी व्यवस्था नभएसम्मको लागि साविक स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार स्थायी नियुक्ति भएका कर्मचारीको सेवा निवृत्त सुविधा नियमावलीमा तोकिए अनुसार नै भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुन मिति २०७७।०८।१० (सचिवस्तर) निर्णयानुसार अनुरोध छ

जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थ
श्री सूचना तथा प्रबिधि शाखाः पत्र Website मा राख्ने व्यवस्था हुन।
श्री नगरपालिका, (सबै): जानकारीको लागि।
श्री गाउँपालिका, (सबै): जानकारीको लागि।